annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ५८ पृष्ठ ८ | काठमाडौं, बिहीबार १३ असार २०८१ | आषाढ कृष्णपक्ष षष्ठी, नेपाल संवत् ११४४ | THURSDAY, JUNE 27, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# थन्क्याइएका द्वन्द्वकालीन मुद्दा २३ मा झिकिए

जिल्ला अदालत सिन्धुलीले २३ वर्ष पुरानो द्वन्द्वकालीन मुद्दा ब्युँताउन आदेश दिएको छ । नेकपा माओवादी केन्द्रका केन्द्रीय उपमहासचिव तथा पूर्वमन्त्री हरिबोल गजुरेलदेखि मोहन वैद्य समूहका नेता चन्द्रप्रकाश गजुरेललगायतका २६ जना जनयुद्धकालीन माओवादी नेताहरू प्रतिवादी रहेको मुद्दा ब्युँताइएको हो । जिल्ला न्यायाधीश रमेश शर्मा पौडेलको इजलासले गोरेबहादुर श्रेष्ठ र प्रहरी सहायक निरीक्षक जयबहादुर खड्का समेतको प्रतिवेदन तथा रत्नबहादुर माझीको जाहेरी रहेका दुइटा मुद्दा कारबाहीका लागि जगाउने गरी आदेश दिएका हुन् ।

समाचार पृष्ठ २

राजन गाउँले | *सिन्धुली*

– को रिपोर्ट


सीपी गजुरेल


बसन्त माझी


गोरेबहादुर श्रेष्ठ


हरिबोल गजुरेल


निरु कुवँर


टंक विक्रम थापा


प्रकाश श्रेष्ठ


शेरमान र मोहनचन्द्र

## मुस्ताङमा प्रहरी क्रियाशील छ


भोजराज पाण्डेय

इजलास

मुस्ताङ समग्र देशकै अपराध कम हुने जिल्ला मध्येको एक हो। त्यसैले यहाँ अपराधजन्य घटना ज्यादै नगन्य छ। मुस्ताङमा भित्रिने कामदार तथा पर्यटकबाट हुने संभावित अपराधका घटना र जोखिमप्रति प्रहरी सचेत छ।

हिमालपारिका नागरिक आफैंमा सम्भ र शालीन छन्। उनीहरू आफ्नो काममा व्यस्त हुने भएकाले अपराधजन्य घटना कम हुने गरेको हो। कठिन भूगोलमा यहाँको प्रहरी निकायले स्थानीय नागरिकलाई प्रवाह गर्ने विभिन्न जनचेतनामूलक कार्यक्रमहरूको योगदानले समग्र शान्ति सुरक्षा र अपराध नियन्त्रण प्रभावकारी बन्न सकेको हो।

पछिल्लो समय मुस्ताङ प्रहरीले अपराध न्यूनीकरणका लागि साइबर अपराध, लागुऔषध, ट्राफिक सचेतना र सबै प्रकारका सामाजिक हिंसा न्यूनीकरण तथा रोकथामका लागि दिनहुँजसो सचेतनामूलक कार्यक्रम गरेको छ।

प्रहरी कार्यसम्पादन प्रभावकारी बनाउन नागरिक र प्रहरीको सम्बन्ध घनिभूत तुल्याउन स्थानीय तहको भूमिका महत्वपूर्ण हुन्छ। सीसी क्यामेरा जडान र ट्राफिक बिट निर्माणले प्रहरी मनोबल उच्च भएको छ।

मुस्ताङ प्रहरी विपद् जोखिम न्यूनीकरण तथा यसको प्रतिकार्यका लागि स्ट्यान्डबाई रहन्छ। जिप्रकामा २५ जना र इलाकामा १५ जनाको टोली मौजुद छ। केहीपरे विपद् व्यवस्थापन र उद्धार कार्यमा हामी तुरुन्तै पुग्न सक्छौं।

प्रहरीमा उजुरी दिने पीडित पक्षलाई आवश्यक सहजीकरण गर्ने गरिएको छ। सडक दुर्घटना र मादक पदार्थ बिक्री वितरणलाई व्यवस्थित र मर्यादित बनाएकै कारण सवारी दुर्घटना कम छ। विगत ५ महिनादेखि हामीकहाँ कुनै उजुरी र गुनासो परेको छैन। पर्यटक तथा कामदारको डेटुडे रेकर्ड राख्छौं। नागरिक, समुदाय र जनप्रतिनिधिहरूको मन जित्न मुस्ताङ प्रहरी सफल भएको छ।

*(पाण्डेय मुस्ताङका प्रहरी नायब उपरीक्षक हुन् ।)*

# वाइडबडी इटालीमा अलपत्र, को जिम्मेवार ?

सुनिता कार्की | *काठमाडौं*

नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को वाइडबडी (ए३३०) जहाज इटालीको नेपल्समा अलपत्र परेको छ। २२ जुन, २०२४ (शनिबार, असार ८) गते इटाली लगिएको नाइनएन-एएलवाई जहाज नेपल्सस्थित एटिटेक एसपीएमा पुर्‍याइएको हो। तर, निगमले नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वीकृतिबिना इटाली लगिएको भन्दै अध्यक्षसहित पाँच जनालाई तोकिएको काम गर्न वञ्चित गरेको छ।



हरेक दुई वर्षमा निगमको ए३३० विमानहरूको नियमित मर्मत (सी चेक) गर्नुपर्ने हुन्छ। त्यसै सिलसिलामा जहाज इटाली पुर्‍याएको निगम बताउँछ। प्राधिकरण र निगमबीचको असमझदारीका कारण वाइडबडी जहाज इटालीमा अलपत्र परेको छ। २६ जुनसम्म उडान गर्न सक्ने लक समय हुँदाहुँदै २२ जुनमा लगेर इटालीमा जहाज थन्काइएको निगम स्रोत बताउँछ। निगमको जिम्मेवार निकायले काम नगर्दा जहाज अलपत्र भएको स्रोतको भनाइ छ।

'लापरबाहीका कारण हाल निगमको जहाज न कुनै आधिकारिक सम्झौता गरिएको संस्था, न कुनै स्वीकृत प्राप्त निकाय वा कुनै विमानस्थलमा रेखदेखमा नरही कुनै अमुक संस्थाको ह्यांगरमा १२ अर्ब मूल्य पर्ने जहाज अलपत्र अवस्थामा रहेको छ।' ती स्रोतले भने। प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार निगमले नियम पूरा नगरी जहाज इटाली पुर्‍याएको बताएका छन्। 'नागरिक उड्डयन नियमावली २०५८ मा भएको व्यवस्थाबमोजिम प्राधिकरणबाट जहाज सञ्चादन अनुमति (एओसी) प्राप्त भएको वायुसेवा कम्पनीले आफ्नो कुनै वायुयानको कुनै पनि चेकजाँच गर्दा कुन जहाजको के चेक गर्ने भन्ने पनि प्राधिकरणको स्वीकृति लिनुपर्ने र एयरक्राफ्ट मेन्टेनेन्स अर्गनाइजेसन (एएमओ)ले पनि प्राधिकरणबाट अनुमति लिनुपर्छ।' उनले भने। निगमले न सी चेकको अनुमति लिएको छ न त एएमओका लागि स्वीकृति लिएको छ भन्दै भुलले निगमले प्राधिकरणलाई झुट बोलेर दुबईको नियमित उडान लान्छु भन्दै सी चेकका लागि इटाली पुर्‍याएको बताए। एएमओ गर्ने कम्पनी सी चेकका लागि लायक छ कि छैन भन्ने पनि प्राधिकरणले हेरी स्वीकृति दिएपछि मात्र जहाज जिम्मा दिनुपर्ने नियम छ।

तर, निगम भने प्रक्रिया पुर्‍याउँदा पुर्‍याउँदै पनि प्राधिकरणको गैरजिम्मेवारीका कारण समस्या उत्पन्न भएको विज्ञप्तिमार्फत जनाएको छ। हरेक दुई वर्षमा गर्नुपर्ने निगमको ए३३० विमानहरूको नियमित मर्मत (सी चेक) गर्न कम्पनी छनोट गर्नका लागि १३ फेब्रुअरी, ३० मार्च, १७ मे र ३ जुन, २०२४ गरी पटक-पटक टेन्डर आह्वान गरेको जनाएको छ। प्रतिस्पर्धाको आधारमा इटालीको नेपल्सस्थित एमआरओ एम/एस एटिटेक एसपीए मर्मत कम्पनीलाई छनोट गरिएको बताइएको छ।

बाँकी पृष्ठ ६

## लागुऔषध दुरुपयोग बढ्दो क्रममा रहेको राष्ट्रसंघको चेतावनी

**भियना** (सिन्ह्वा/रासस) : नयाँ 'सिन्थेटिक ओपीओइड'को उदय र अन्य औषधिको बढ्दो आपूर्ति र मागले लागुऔषध दुरुपयोग र अन्य हानि बढ्दै गएपछि संयुक्त राष्ट्रसंघले बुधबार एक प्रतिवेदन सार्वजनिक गर्दै विश्वभर यसको समस्या बढ्दै गइरहेको चेतावनी दिएको छ।

सन् २०२२ मा विश्वभर कुल २ करोड ९२ लाख मानिसले लागुऔषध प्रयोग गरेका थिए जुन अघिल्लो दशकको तुलनामा २० प्रतिशतले वृद्धि भएको संयुक्त राष्ट्रसंघीय लागुऔषध तथा अपराध कार्यालय (यूएनओडीसी) ले बुधबार सार्वजनिक गरेको विश्व लागुऔषध प्रतिवेदन २०२४ ले जनाएको छ।

सन् २०२२ मा विश्वभर करिब २२ करोड ८० लाख मानिसले प्रयोग गरेसँगै गाँजा सबैभन्दा व्यापक रूपमा प्रयोग हुने लागुऔषध बनेको छ। विश्वव्यापी रूपमा अनुमानित ६४ करोड मानिस लागुऔषध दुर्व्यसनीको सिकार भएका छन्।

## कोशीमा विपद्को कहर

# मनसुनयता २४ जनाको मृत्यु, २२५ परिवार विस्थापित

किशोर बुढाथोकी | *विराटनगर*

कोशी प्रदेशमा मनसुनजन्य विपद्बाट जनधनको क्षति हुने क्रम बढेको छ। विपद्को कहरले जनजीवन नराम्रोसँग प्रभावित भइरहेको हो। अविरल वर्षासँगै पहाडमा बाढीपहिरो तथा तराईमा बाढी, डुबान र कटानको समस्या निम्तिएको छ। बाढी, पहिरो, डुबान तथा चट्याङबाट मानवीय र भौतिक क्षति भइरहेको छ। मनसुन भित्रिएयता बाढी, पहिरो, डुबान र चट्याङमा परेर २४ जनाको मृत्यु भइसकेको प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ। १७ जनाभन्दा बढी घाइते र २ जना बेपत्ता भएको तथ्यांक प्रहरीले उपलब्ध गराएको छ। १ सयभन्दा बढी पशुचौपाया मरेको र आर्थिक हिसाबले करिब १० करोड बराबरको क्षति भएको जनाइएको छ।



प्रदेशका प्रहरीका प्रवक्ता एवं एसपी सुमनकुमार तिमल्सिनाका अनुसार मोरङमा ६, ताप्लेजुङमा ५, झापा र संखुवासभामा ४/४, इलाम र सुनसरीमा २/२, तथा ओखलढुंगामा १ जनाको मृत्यु भएको हो। बाढी, पहिरो तथा डुबानका कारण २ सय २५ परिवारका ७ सय ३८ जना विस्थापित भएको उनले बताए। एसपी तिमल्सिनाका अनुसार ताप्लेजुङमा ७५, मोरङमा ६८, संखुवासभामा ५५ र झापामा २७ परिवार विस्थापित भएका छन्।

विस्थापित भएकालाई उद्धार गरेर सुरक्षित स्थानमा लगी विद्यालय, सामुदायिक भवनलगायतमा अस्थायी बासस्थानको व्यवस्था गरिएको उनको भनाइ छ। प्रहरीका अनुसार बाढी र पहिरोका कारण ३३ वटा घरमा पूर्ण र ४२ वटा घरमा आंशिक क्षति पुगेको छ। प्राकृतिक प्रकोपमा परेर पछिल्लो २ दिनमा मात्रै ९ जनाको मृत्यु भएको छ। बाढी र पहिरोमा परेर ६ तथा चट्याङले लागेर ३ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ। बाढीले बगाएर २ जना बेपत्ता छन्।

मोरङको रंगेली नगरपालिका-४ मा घाँगी खोलाले बगाउँदा ४५ वर्षीय नागेन मण्डलको बुधबार मृत्यु भएको छ। मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार ४ जनाले एकैपटक तर्न खोज्दा बिहान १०:४५ बजेतिर नागेनलाई खोलाले बगाएको थियो। स्थानीयको सहयोग लिएर नेपाल र सशस्त्र प्रहरीले खोजी गर्दा घटनास्थलबाट १ सय ५० मिटरजति तल शव भेटिएको डीएसपी बस्नेतले बताए। नागेनसँगै रहेका अरू ३ जना सकुशल छन्।

मोरङको रतुवामाई नगरपालिका-५ का नुर मोहमदका २ वर्षीय छोरा मोहमद मुसाहाको घरनजिक जमेको पानीमा डुबेर बुधबार मृत्यु भएको छ। मोरङ र सुनसरीको सिमाना भएर बग्ने बूढीखोलाले बगाएर मोरङको सुन्दरहरैंचा नगरपालिका-५ खोक्साका २ जना बेपत्ता छन्। बाढीले २४ वर्षीया फूला चौधरी र ६० वर्षीया असरादेवी चौधरीलाई बेपत्ता बनाएको हो।

माहिली फुदनी भनिने २२ वर्षीया प्रेमकला चौधरी इटहरी उपमहानगरपालिका-४ स्थित गैरीगाउँमा मृत फेला परेकी थिइन्। २२ वर्षीया स्वस्तिका चौधरीलाई उद्धार गरिएको थियो। प्रहरीका अनुसार फूला, प्रेमकला र स्वस्तिका एकै परिवारका बुहारी तथा असरादेवी उनीहरूकी कार्की सासू हुन्।

माछा मार्न गएका बेला ४ जनालाई नै मंगलबार बिहान बूढीखोलाले बगाएको जानकारी प्रहरीले दिएको छ। प्रेमकला मृत फेला परे पनि फूला र असरादेवी बेपत्ता छन्। उनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ।

बाँकी पृष्ठ ६